आज मिति २०८२/०५/३१ गते विउसो २:०० बजे बैजनाथ गाउँपालिकाका अध्यक्ष श्री प्रकाश वहादुर शाहीको अध्यक्षता तथा कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउ कार्यपालिकाको बैठक वसी देहाय बमोजिम निर्णय गरीयो ।

उपस्थिति

| | |
|---|---|
| श्री प्रकाश वहादुर शाही | अध्यक्ष |
| श्री निर्मला रोकाया | उपाध्यक्ष |
| श्री रुप वहादुर मल्ला | वडा नं १ अध्यक्ष |
| श्री राजु रुचाल ठकुरी | वडा नं २ अध्यक्ष |
| श्री निखिल वैगार | वडा नं ३ अध्यक्ष |
| श्री प्रेम वहादुर शाही | वडा नं ४ अध्यक्ष |
| श्री देव वहादुर रावत | वडा नं ५ अध्यक्ष |
| श्री भुपाल पुन मगर | वडा नं ६ अध्यक्ष |
| श्री दिनेश कुमार थारु | वडा नं ७ अध्यक्ष |
| श्री भगन थारु | वडा नं ८ अध्यक्ष |
| श्री रुपा थापा | का पा सदस्य |
| श्री भुमिसरा राना | का पा सदस्य |
| श्री मन्जु ओली | का पा सदस्य |
| श्री कृष्णा कुमारी सुनार | का पा सदस्य |
| श्री फरुद्दिन हलवाई | का पा सदस्य |
| श्री कमान सिह सुनार | का पा सदस्य |
| श्री धर्मराज न्यौपाने | सदस्य सचिव |
| श्री तसराज आचार्य | शाखा अधिकृत |

प्रस्तावहरु

१ मिति २०८२/०५/२३ र २४ गते भएको जेनजी आन्दोलनको शोक सन्देश सम्बन्धमा ।

२ भुमि शाखा अन्तरगत  फिल्डमा खटिएका कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धमा ।

३ लाइडर  इमेज सफ्टवेयर खरिद सम्बन्धमा ।

४ सहजीकरण समिति सेवा सुविधा सम्बन्धमा ।

५ बैजनाथ गा पा भित्रको जग्गा वर्गिकरण सम्बन्धमा ।

६ कार्यालयको डाटा सुरक्षण सम्बन्धमा ।

७ नापजाँचमा सहयोगी कर्मचारी व्यवस्था सम्बन्धमा ।

८ आन्दोलनका कारण क्षति भएका कार्यालयहरुलाइ आवश्यक भौतिक सहयोग सम्बन्धमा ।

९ आर्थिक सहायता सम्बन्धमा ।

निर्णयहरु

१ प्रस्ताव नं १ का सम्बन्धमा छलफल गर्दा १ मिति २०८२/०५/२३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा सम्पुर्ण शाहदात प्राप्त भएका शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य ला भको कामना र भौतिक क्षति प्रति दुख प्रकट गर्न शोक सन्देश जारी गर्ने निर्णय गरियो ।

२ प्रस्ताव नं २ का सम्बन्धमा छलफल गर्दा अव्यवस्थित सुकुम्वासी अव्यवस्थित दलित र अव्यवस्थित वसोवासीहरुको जग्गा नापजाँचमा खटिएका कर्मचारीहरुलाइ यातायात खर्च वापत रु २०० खाजा खर्च वापत रु २०० र विहाना २ घण्टा वेलुका २ घण्टा अतिरिक्त समय काम गरे वापत काम गरेको प्रगति विवरण सहित पेश भएमा नियमानुसार पाउने अतिरिक्त भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

३ प्रस्ताव नं ३ का सम्बन्धमा छलफल गर्दा यस गा पा अन्तर बाँकी रहेका वडा नं १ २ ३ ५ र ८ को जग्गा नापजाँच गर्न लाइडर इमेज प्रविधि प्रयोग गरी नापजाँच गर्ने र उक्त प्रविधि खरिदका लागि रु भुमि व्यवस्था शिर्षकबाट रु ६ लाख विनियोजन गरी खरीद गरी ल्याउने निर्णय गरियो ।

४ प्रस्ताव नं ४ का सम्बन्धमा छलफल गर्दा अव्यवस्थित वसोवासी, भुमीहिन दलित र भुमिहिन सुकुम्वासीका जग्गा नापजाँचमा खटिएका सहजीकरण समितिका सदस्यहरुलाइ कामकाजमा खटिय वापत प्रतिदिन रु यातायात खर्च वापत रु ५०० खाजा र १ खाना उपलब्ध गराउने निर्णय गरियो ।

५ प्रस्ताव नं ५ का सम्बन्धमा छलफल गर्दा यस गा पा को जग्गा वर्गिकरण प्रारम्भिक प्रतिवेदन प्राप्त भएको उक्त प्रतिवेदनलाइ अन्तिम प्रतिवेदनका लागि नापी विभागमा पठाइ आवश्यक प्रकृया अगाडी बढाउने र उक्त कार्यका लागि अव्यवस्थित वसोवसी भुमिहिन दलित र भुमिहिन सुकुम्वासीको जग्गा नापजाँच शिर्षकबाट रु १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

६ यस कार्यालय र वडा हुने सरकारी कामकाज सम्बन्धी कागजातहरुको सुरक्षाका लागि सबै कागजातहरु स्क्यान गरी सुरक्षित राख्ने व्यवस्था मिलाउन आवश्यक मिल्दो शिर्षकबाट स्क्यानर खरिद गर्ने निर्णय गरियो ।

७ भुमि समस्या समाधान आयोगबाट प्रकाशित सूचना अनुसार लगत संकलन कर्ता प्रति वडा १ जना र नापजाँच सहयोगीलाइ मासिक ज्यालादारीमा राखी कामकाजमा लगाउने गत आ व मा कामकाजमा रहेकाहरुको नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

८ प्रस्ताव नं ८ का सम्बन्धमा छलफल गर्दा जिएनजी आन्दोलनका कारण क्षति भएका सरकारी कार्यालय मध्ये कोहलपुर नगरपालिकालाइ केही समयका लागि एम्बुलेन्स, कम्प्यूटर प्रिन्टर, जिल्ला प्रशासन कार्यालय बाँकेलाइ कम्प्युटर प्रिन्टर, इलाका प्रशासन कार्यालय कोहलपुरलाइ कम्प्युटर प्रिन्टर, उच्च अदालत बाँकेलाइ कम्प्युटर प्रिन्टर र जिल्ला अदालत बाँकेलाइ कम्प्यूटर प्रिन्टर विपद व्यवस्थपान समितिको निर्णयानुसार खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

९ नेपाल कम्युनिष्ट पार्टी  माओवादीलाइ रु १० हजार बैजनाथ  वडा नं ५ वस्ने विष्णु बहादुर थारुलाइ रु ६ हजार आर्थिक सहायता उपलब्ध गराउने र नियमानुसार आवद्धता हुने करार कर्मचारीहरुलाइ सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने निर्णय गरियो ।

प्रकाश बहादुर शाही
अध्यक्ष